# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, असोज २९ गते २०४१ साल (संख्या २६


श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

**श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष नियमावली, २०४१**

श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष सञ्चालक समितिको परामर्श लिई श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले "श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष ऐन, २०३९" सम्झनुपर्छ ।

३. कार्यालयको स्थापनाः कोषले आफ्नो कार्य सञ्चालनको लागि केन्द्रीय कार्यालय तथा आवश्यकतानुसार शाखा कार्यालय स्थापना गर्न सक्नेछ ।

४. कर्मचारी र सल्लाहकारको व्यवस्थाः (१) कोषको कार्य सञ्चालनको लागि आवश्यक कर्मचारीहरू तथा सल्लाहकारको व्यवस्था समितिको निर्णयबमोजिम हुनेछ ।

(२) कर्मचारी तथा सल्लाहकारहरूले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा समितिको निर्णय अनुसार हुनेछ ।

५. कर्मचारीहरू काजमा पठाउनेः (१) कोषको काम गर्न गराउन वा सहायताको लागि श्री ५ को सरकारले कुनै पनि कर्मचारीलाई आवश्यकतानुसार कोषको अनुरोधमा काजमा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम काजमा खटिएका कर्मचारीहरूले पाउने सुविधाहरू समितिले निर्णय गरेबमोजिम हुनेछ ।

६. करारमा काम गराउनेः कोषको हितको लागि कोषले आवश्यक देखेमा स्वदेशी वा विदेशी नागरिकलाई करारमा काम लगाउन सक्नेछ ।

७. कर्मचारी प्रशासनः कर्मचारी प्रशासनको लागि कोषले आफ्नो छुट्टै विनियम बनाउन सक्नेछ ।

८. अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीको पारिश्रमिकः समितिको अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरू समितिले पारित गरेको निर्णय अनुसार विनियममा तोकिएबमोजिम हुनेछ ।

९. कार्य सञ्चालनः ऐनको दफा ६ मा उल्लिखित कोषको काम र कर्तव्य पूरा गर्न कोषले श्री ५ को सरकारको सम्बन्धित निकाय वा गैरसरकारी संघ, संस्था वा व्यक्तिहरूसँग समन्वय गरी आवश्यकतानुसार तिनीहरूको स्वीकृति र सहयोग प्राप्त गरी सरकारी वा गैरसरकारी क्षेत्रमा देहायबमोजिमको काम गर्न गराउन वा सहयोग दिन सक्नेछः–

(क) वृक्षारोपण गर्ने,

(ख) भू तथा जलस्रोत संरक्षणसम्बन्धी काम गर्ने,

(ग) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यमा प्राविधिक तथा अन्य राय सल्लाह दिने,

(घ) प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने काममा जनजागृति पैदा गरी जनसहभागिता वृद्धि गर्ने,

(ङ) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने,

(च) प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण गर्ने विषयमा समय समयमा सभा, गोष्ठी एवं सम्मेलन गर्ने,

(छ) कोषको दीर्घकालीन योजना तर्जुमा गर्ने,

(ज) श्री ५ को सरकारलाई राष्ट्रिय स्तरमा प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी नीति तर्जुमा गर्न आवश्यकतानुसार राय सल्लाह दिने,

(झ) परामर्श सेवा एवं सूचना सेवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(ञ) प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी अन्य आवश्यक काम गर्ने ।

१०. चन्दा संकलन वा अन्य सहायता प्राप्त गर्ने: राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था तथा अन्य क्षेत्रबाट नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्न र चन्दा संकलन गर्न कोषले देहायबमोजिमको काम गर्न गराउन सक्नेछ:–

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्ति विशेषसँग सम्पर्क राख्ने,

(ख) स्वदेश वा विदेशको पत्र-पत्रिका, रेडियो, टेलिभिजन, वा यस्तै अन्य प्रचार प्रसारका माध्यमद्वारा प्रचार प्रसार गर्ने,

(ग) स्वदेश वा विदेशमा सम्मेलन, सेमिनार, प्रवचन, प्रदर्शनी वा भ्रमणको आयोजना गर्ने,

(घ) प्रकृति तथा प्राकृतिक संरक्षण, वन्यजन्तु, राष्ट्रिय निकुञ्ज तथा आरक्षसम्बन्धी चलचित्र बनाई बिक्री वितरण गर्ने,

(ङ) पोष्टकार्ड, पोष्टर वा अन्य कुनै किसिमको उपहारयोग्य वस्तु बनाई बिक्री वितरण गर्ने,

(च) राष्ट्रिय निकुञ्ज वा आरक्ष वा अन्य प्राकृतिक स्थलको अवलोकनार्थ आउने पर्यटकहरूबाट वा प्राकृतिक स्रोतको उपयोग गर्ने कुनै व्यक्ति, संस्था वा पर्वतारोहीहरूबाट चन्दा लिने,

(छ) चन्दा बाकस राख्ने,

(ज) चिट्ठा सञ्चालन गर्ने,

(झ) कोषको हितको लागि कोषले उचित ठानेका अन्य कुनै उपायद्वारा रकम संकलन गर्ने ।

११. चन्दा वा सहायता दिने र लिने: राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्ति विशेषले कुनै खास प्रयोजनको लागि कुनै शर्त तोकी वा नतोकी कोषलाई चन्दा वा

सहायता दिन सक्नेछ र त्यस्तो चन्दा वा सहायता लिने नलिने अधिकार कोषलाई हुनेछ ।

१२. दाताको सम्मानः (१) कोषलाई देहायबमोजिम चन्दा वा सहायता दिने दातालाई देहायबमोजिम सम्मान गरिनेछः–

(क) कम्तीमा दश लाख रूपैयाँ (रू. १०,००,००१।–) वा सो बराबरको विदेशी मुद्रा प्रदान गर्ने दातालाई अध्यक्षबाट सम्मानित सञ्चालक (ट्रष्टी) को उपाधि तथा प्रमाणपत्रसहित कोषको प्रतिक प्रदान गरिनेछ ।

(ख) कम्तीमा पाँच लाख रूपैयाँ (रू. ५,००,००१।–) वा सो बराबरको विदेशी मुद्रा प्रदान गर्ने बढीमा ५०१ दातालाई अध्यक्षबाट सम्मानित सदस्यको उपाधि तथा प्रमाणपत्रसहित कोषको प्रतिक प्रदान गरिनेछ ।

(ग) कम्तीमा दुई लाख पचास हजार रूपैयाँ (रू. २,५०,००१।–) वा सो बराबरको विदेशी मुद्रा प्रदान गर्ने बढीमा १००१ दातालाई अध्यक्षबाट सम्मानित सहयोगीको उपाधि तथा प्रमाणपत्रसहित कोषको प्रतिक प्रदान गरिनेछ ।

(घ) कम्तीमा एक लाख रूपैयाँ (रू. १,००,००१।–) वा सो बराबरको विदेशी मुद्रा प्रदान गर्ने दातालाई अध्यक्षबाट सहयोगीको उपाधि तथा प्रमाणपत्रसहित कोषको प्रतिक प्रदान गरिनेछ । यस्तो उपाधि २५ वर्षसम्म कायम रहनेछ ।

(२) उपनियम (१) को खण्ड (क) मा उल्लिखित उपाधि अध्यक्षको अनुरोधमा संरक्षकबाट प्रदान हुन सक्नेछ ।

१३. आयकर छूटः कोषलाई चन्दा वा सहायता प्रदान गर्ने दातालाई त्यसरी चन्दा वा सहायता दिएको रकममा प्रचलित कानूनबमोजिम आयकर छूट दिइनेछ ।

१४. कोषबाट अनुदान सहायताः (१) ऐनको दफा ९ मा उल्लिखित कामको लागि कोषले कुनै सरकारी वा गैरसरकारी संघ, संस्था वा व्यक्तिलाई आर्थिक अनुदान वा प्राविधिक वा अन्य आवश्यक सहायता उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोषबाट अनुदान वा सहायता प्राप्त गर्नको लागि कुनै संघ, संस्था वा व्यक्तिले आफूले सञ्चालन गर्ने कार्य वा योजनाको विस्तृत विवरणसहित आवेदन पत्र पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कोषबाट अनुदान वा सहायता प्राप्त गर्ने संघ संस्था वा व्यक्तिले कोषले तोकिदिएको शर्त अनुसार कार्य गर्नु पर्नेछ ।

१५. खर्च दिन सकिने: कोषको हितको लागि चन्दा संकलन गर्ने कुनै सरकारी वा गैर-सरकारी निकाय वा व्यक्तिलाई लागत खर्चबापत संकलित रकमको बढीमा १५ प्रतिशतसम्म खर्च दिन सकिनेछ ।

१६. लगानी गर्न सकिने: कोषले आफूले प्राप्त गरेको रकम वा सम्पत्ति कुनै काममा लगानी गरी आम्दानी गर्न सक्नेछ ।

१७. महसुल तथा कर नलाग्ने: (१) कोषलाई स्वदेश वा विदेशबाट चन्दा वा सहायता स्वरूप प्राप्त हुने नगद जिन्सी, चल, अचल सम्पत्ति, सरसामग्री तथा औजारहरूमा प्रचलित कानूनबमोजिम भन्सार महसुल, बिक्रीकर र अन्य सबै किसिमको महसुल छूट दिइनेछ ।

(२) कोषले चन्दा वा सहायता स्वरूप प्राप्त गरेको वा लगानी गरी आर्जन गरेको रकम वा चल अचल सम्पत्तिमा प्रचलित कानूनबमोजिम आयकर छूट दिइनेछ ।

१८. प्रतिनिधि तोक्न सकिने: कोषको लागि चन्दा संकलन गर्न, प्रचार प्रसार गर्न वा कोषलाई हित हुने अन्य कुनै काम गर्नको लागि स्वदेश वा विदेशमा कुनै व्यक्ति वा संस्थालाई कोषले आफ्नो प्रतिनिधि तोक्न वा काम लगाउन सक्नेछ ।

१९. विदेशी सल्लाहकार तथा प्राविधिकलाई सहूलियत: कोषमा काम गर्ने विदेशी सल्लाहकार वा प्राविधिकलाई नेपाल अधिराज्यमा काम गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सोसरहको सल्लाहकार वा व्यक्तिलाई दिइएसरहको सहूलियत दिइनेछ ।

२०. उपसमिति गठन गर्ने: (१) कोषको काम कारवाईको सम्बर्धन तथा विकास गर्न समितिले आवश्यक वा उपयुक्त देखेमा विदेशी मुलुकमा समेत उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिमा समितिले मनोनीत गरेबमोजिमका सदस्यहरू रहनेछन् ।

(३) उपनियम (१)बमोजिम गठन गरिने उपसमितिमा सो मुलुकमा रहेको शाही नेपाली राजदूतावास वा नियोगका प्रमुखलाई समितिले पदेन सदस्य तोक्न सक्नेछ ।

आज्ञाले,

जितेन्द्रलाल मास्के

श्री ५ को सरकारको सचिव